# नेपालगञ्ज उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नेपालगञ्ज, बाँके लुम्बिनी प्रदेश, नेपाल

**राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था र नीजि क्षेत्रका संस्थाहरुद्वारा आ.व.२०८३।०८४ मा यस उपमहानगर क्षेत्रमा संचालन गरिने प्रस्तावित कार्यक्रम र बजेट पेश गर्ने बारेको अत्यन्त जरुरी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८३।०२।२२ गते ।**

नेपालगन्ज उपमहानगरपालिकाको आसन्न नगर सभाको अधिवेशन बाट आगामी आ.व. २०८३/०८४ (सन् २०२६/०२७) को नगर विकास योजना तयारी गर्ने चरणमा रहेकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस उपमहानगरपालिकाको नीति र मान्यतामा रही संस्थाको आफ्नो स्रोत वा दातृ निकायको स्रोत बाट कार्यक्रम संचालन गर्न चाहने राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी संस्था र निजी क्षेत्रका संस्थाहरुले कार्यक्रम संचालन गर्नुपूर्व नगर सभाबाट कार्यक्रम पारित गराउनु पर्ने प्रावधान भए बमोजिम यस उपमहानगरपालिका क्षेत्रमा आगामी आ.व. २०८३।०८४ मा संचालन गर्ने कार्यक्रम र बजेट देहायको ढाँचामा नेपाली भाषामा टाईप गरि संस्थाको पत्र समेत संलग्न राखि मिति २०८३।०२।३१ गते भित्र यस सामाजिक, गैसस तथा साझेदारी विकास शाखाको इमेल ठेगाना social.npjmun@gmail.com मा पठाउन हुन अनुरोध छ । प्रकाशित सूचना यस कार्यालयको website: www.nepalgunjmun.gov.np मा हेर्न सकिनेछ । विगत वर्षहरुमा संस्थाहरुले कार्यक्रम पेश गर्दा नगरपालिकाको स्रोत प्राप्त भएमा कार्यक्रम गर्ने गरि वा योजना पेश गर्ने गरेकोले त्यसरी पेश भएको योजनालाई मान्यता नदिईने भएकोले आफ्नै स्रोत वा निकायबाट प्राप्त भई सञ्चालन गर्न सकिने अनुमानित बजेट तथा कार्यक्रम मात्र पेश गर्नका लागि स्मरण गराईएको व्यहोरा सम्वद्ध सवैमा यसै सूचना मार्फत् सूचित गरिएको छ ।

नोट : अक्षर Preeti तथा अंक Fontasy Himali_TT Fonts मा टाइप गरि कार्यक्रम तथा बजेट पेन ड्राईभमा राखी तोकीएको ढाँचामा मात्रै बुझाउनहुन अनुरोध छ । यस बाहेकको ढाँचामा पेश भएकोलाई मान्यता दिईने छैन र ढाँचा बमोजिम सफ्ट कपी तथा प्रिन्ट कपि पेश नगरेमा वार्षिक योजनामा कार्यक्रम समावेश गर्न सकिने छैन् । थप जानकारीका लागि यस कार्यालयको सामाजिक गैसस तथा साझेदारी विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

**कार्यक्रम तथा बजेट पेश गर्ने ढाँचा**

**नेपालगञ्ज उपमहानगरपालिकामा पेश गरिएको**

**आ.व. २०८३/०८४ को प्रस्तावित कार्यक्रम तथा बजेट**

संस्थाको नामः- ठेगाना :

संस्थाको सम्पर्क व्यक्तिको नामः- फोन/मो.नं.

आ.व. २०८३।०८४ (सन् २०२६/०२७)

अनुमानित कार्यक्रम तथा बजेट

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान, वडा नं. | लक्षित समुदाय, समूह | कार्यक्रम बजेट (रु) | साझेदार संस्था | कार्यक्रम अवधि |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| | जम्मा प्रशासनिक बजेट | | | | | |
| | कुल बजेट | | | | | |

(गोर्ख बहादुर थापा)
उप सचिव (प्रा)

CamScanner